दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १९८ | बुटवल | २०८१ असार ३१, गते सोमबार | नेपाल संवत ११४४ | Monday July 15, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्भनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# दुई तिहाइको शक्ति

**पहिलो दल कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी ओली चौथोपल्ट प्रधानमन्त्री भएका छन् । उनलाई साना दलको समेत साथ छ । साना दलको समेत समर्थन भएपछि ओलीको पक्षमा दुई तिहाइ जुटेको छ ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

दुई तिहाइको शक्ति लिँदै प्रधानमन्त्रीमा एमाले अध्यक्ष केपी शर्मा ओली नियुक्त भएका छन् । आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले ओलीलाई प्रधानमन्त्री नियुक्त गरेका हुन् ।

शुक्रबारको प्रतिनिधिसभा बैठकमा पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत नपाएपछि सोही दिन राष्ट्रपति पौडेलले धारा ७६ को उपधारा २ अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा प्रधानमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ को उपधारा २बमोजिम बहुमतको सरकार गठनका लागि आह्वान गरेलगत्तै एमाले अध्यक्ष ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई साथ लिएर शीतल निवास पुगी प्रधानमन्त्रीमा दाबी पेस गरेका थिए । ओलीले संसद्को पहिलो दल कांग्रेसका ८८ र दोस्रो दल एमालेका ७८ गरी १६६ सांसदको समर्थनमा प्रधानमन्त्रीमा दाबी पेस गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । एमालेका ७९ मध्ये एक सांसद निलम्बित छन् । ७८ मध्ये गणनामा १ सिट सभामुखको पनि गनिएको छ ।

तर कांग्रेस र एमाले समीकरणलाई दुई दलबाहेक जसपा, जनमत, जसपा नेपाल, लोसपा र नागरिक उन्मुक्ति पार्टीले समेत समर्थन जनाएका छन् । कांग्रेस एमालेले समर्थन जनाउने पाँचै दललाई सरकारमै सहभागी गराउने तय गरेर प्रत्येक दललाई एक-एक मन्त्रालय दिने समझदारी गरिसकेका छन् । कांग्रेस र एमालेसहित सात दल सहभागी हुँदा सरकारको पक्षमा दुई तिहाइभन्दा बढीको समर्थन पुग्छ ।

प्रधानमन्त्री नियुक्त भएका ओलीको सोमबार बिहान ११ बजे शपथको कार्यक्रम तय भएको छ । प्रधानमन्त्रीको रूपमा सिंहदरबारमा योसहित ओलीको चौथो पटक इन्ट्री हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभामा विश्वासको मत गुमाएपछि ओलीलाई प्रधानमन्त्री बन्ने बाटो खुलेको हो । ७३ वर्षीय ओली पहिलो पटक २०७२ असोज २४ गते प्रधानमन्त्री निर्वाचित भएका थिए । तत्कालीन व्यवस्थापिका संसद्मार्फत् प्रधानमन्त्री बन्दा उनले ५९७ सदस्यमध्ये ३३८ मत प्राप्त गरेका थिए । त्यसबेला प्रधानमन्त्रीमा ओलीको उम्मेदवारीलाई एकीकृत नेकपा माओवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र मधेसी जनअधिकार फोरमलगायत साना दलले समर्थन गरेका थिए ।

संविधान निर्माणका बेला प्रमुख दलहरुबीच आलोपालो प्रधानमन्त्री बन्ने समझदारी भएको थियो । तर, संविधान जारी भएपछि तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले धोका दिएपछि ओली माओवादी केन्द्र लगायत दलहरुको समर्थनमा पहिलोपटक प्रधानमन्त्री बने ।

त्यसैगरी ओली २०७४ फागुन ३ गते दोस्रो पटक नेपालको प्रधानमन्त्री नियुक्त भए । उनले २०७४ फागुन २७ मा २७५ सदस्यीय प्रतिनिधि सभाबाट २०८ मतसहित विश्वासको मत प्राप्त गरेका थिए ।



एमालेर नेकपा माओवादी केन्द्रको वाम गठबन्धनले २०७५ जेठ ३ मा नेपाल कम्युनिस्ट पार्टी(नेकपा) गठन गरी ओलीको गठबन्धन सरकारलाई बहुमतमा परिणत गर्दै सदनमा झण्डै दुई तिहाइ बहुमत दिलाएको थियो । चुनावमा तालमेलसँगै केही समयपछि एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भइ नेकपा बनेको थियो । नेकपामा चुलिएको विवाद र अदालतको फैसलापछि एमाले र माओवादी केन्द्र भिन्दाभिन्दै पार्टीमा क्रियाशिल भए । त्यसपछि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले ओलीलाई २०७८ बैशाख ३० मा तेस्रो पटक प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । त्यसबेला अल्पमतको प्रधानमन्त्री भए पनि विपक्षी दलमध्ये कुनै पनि दलले बहुमतको सरकार गठन गर्न वा त्यसका लागि आफ्नो दाबी निर्धारित समय सीमाभित्र राख्न असमर्थ रहेपछि ओली नै प्रधानमन्त्री बनेका थिए ।

२०७८ जेठ ८ मा मध्यरातमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनपछि ओली सरकार नयाँ निर्वाचन सम्पन्न नभएसम्म अन्तरिम सरकारमा परिणत भएको थियो । मध्यावधि निर्वाचन कात्तिक २६ र २०७८ मङ्सिर ३ का लागि तय गरिएको थियो तर सर्वोच्चले त्यसलाई उल्टाएको थियो । २०७८ असार २८ मा विपक्षी गठबन्धनले दायर गरेको प्रतिनिधि सभा विघटनविरुद्धको रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा भंग गर्ने निर्णय गैरकानुनी भएको उल्लेख गर्दै कांग्रेसका सभापति शेरबहादुर देउवालाई २८ घण्टाभित्र प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो ।

प्रधानमन्त्रीबाट हटेपछि ओली २०७८ मङ्सिर १० गते चितवनमा भएको एमालेको दशौँ राष्ट्रिय महाधिवेशनमार्फत् अध्यक्षमा पुनः निर्वाचित भएका थिए । गत २०७९ को निर्वाचनमा ओली झापाबाट प्रतिनिधि सभामा निर्वाचित भए ।

**को हुन् ओली ?**

२०२२ सालमा कम्युनिस्ट राजनीतिमा लागेका ओलीले २०२६ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए । २०२८ सालको झापा आन्दोलनका प्रमुख अगुवामध्येका एक थिए, उनी । सोही वर्ष जेल परेका ओली तत्कालीन नेकपा मालेको संस्थापकमध्येका एक हुन् ।

» ***बाँकी ३ पेजमा***

## दुई विधेयक प्रमाणीकरण




बुटवल । लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले लुम्बिनी प्रदेशसभाबाट पारित दुई विधेयक प्रमाणीकरण गरेका छन् ।

प्रमुख शेरचनले आइतबार लुम्बिनी प्रदेश सरकारको अर्थ सम्बन्धी विधेयक र आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केही रकम बिनियोजन र खर्च गर्न बनेको विधेयक प्रमाणीकरण गरेका हुन् ।

लुम्बिनी प्रदेशसभाको बैठकबाट पारित विधेयकहरू संविधानको धारा २०१ को उपधारा (२ )बमोजिम प्रमाणीकरण गरिएको प्रदेश प्रमुख कार्यालयको प्रवक्ता धर्मा अर्याल बेल्वासेले बताइन् ।

सिमलताल दुर्घटना :

## ८ जनाको शव भेटियो



**रामकुमार श्रेष्ठ**

*नवलपरासी*

नारायणी नदीमा थप १ जना पुरूषको शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायव उपरीक्षक रेशम बोहराका अनुसार आइतबार साँझ पौने ५ बजेतिर सुस्ता गाउँपालिका ४ को १५ नम्बर ठोकरमा अन्दाजी ४०/४५ वर्षको पुरूष व्यक्तिको शव भेटिएको हो ।

स्थानीयले देखेर प्रहरीलाई खबर गरेपछि प्रहरी घटना स्थलतर्फ पुगेको छ । छिर्केमिर्के सर्ट, खुट्टामा मोजा र कम्मरमा कालो कन्दानि बाँधेको अवस्थामा शव फेला परेको हो । उक्त शव सिमलताल घटनाको भएको आशंका गरिएको छ ।

त्यसैगरी नवलपुरको विनयी त्रिवेणी गाउँपालिका ७ त्रिवेणी ब्यारेज पूलस्थित गण्डक नहरमा दुई जनाको शव फेला परेको छ । नहरमा १ जना घोप्टो परेको अवस्थामा र एक जना उत्तानो परेको अवस्थामा पुरूष जस्तो देखिने २ वटा शव फेला परेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलका अनुसार शव निकाल्ने प्रयास भइरहेको छ । उक्त शव सिमल तालमा भएको बस दुर्घटनाका यात्रु भएको हुन सक्ने अनुमान गरिएको छ ।

यसैगरी शनिबार भेटिएका ३ वटा शव र आइतबार भेटिएका २ वटा शवको सनाखत भएको छ । राप्ती र नारायणी नदीको दोभान गोलाघाट र गैंडाकोटको थुम्सी र गैरीमा ३ वटा शव भेटिएको थियो ।

नवलपुर र पश्चिम नवलपरासीमा दुर्घटनामा परेका यात्रुहरू भेटिन सक्ने भएकोले प्रहरीले खोजी कार्य जारी राखेको छ ।



## सम्पादकीय

# सरकारको आगामी प्राथमिकता

दुई तिहाइको समर्थनसहित एमाले अध्यक्ष केपी ओली चौथोपटक प्रधानमन्त्री नियुक्त भएका छन् । राजनैतिक अस्थिरता र आर्थिक मन्दीले चौतर्फी निराशा बढिरहेको बेला प्रमुख दुई दल कांग्रेस र एमाले संकटलाई पार लगाउन मिलेर अघि बढ्ने संकल्प गर्नु सकारात्मक छ ।

प्रमुख दुई दललाई पालैपालो प्रयोग गर्दै सत्ताको केन्द्रमा रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल कांग्रेस-एमाले मिल्ने बित्तिकै किनारामा पुगेका छन् । संसदमा कुनै एक दलको स्पष्ट बहुमत नआएकोले दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ । संविधानमा  मिश्रित निर्वाचन प्रणालीको व्यवस्थाले यो बाध्यता अहिले मात्रै नभई आगामी दिनमा पनि कायमै रहने देखिन्छ । निर्वाचन प्रणालीमा सुधार गरी एकै दलको बहुमत आउने संवैधानिक प्रबन्ध गर्दा उत्तम हुन्छ । त्यसका लागि दुई दलले सहमति समेत गरेकाले अरु दलको सहमति जुटाएर संविधान संशोधन गर्नु यो सरकारको प्राथमिकता हुनुपर्छ ।

अहिलेको प्राथमिकता भनेको निराशालाई चिरेर अघि बढ्नु हो । त्यसका लागि लगानीको वातावरण बनाउन प्राथमिकता दिनुपर्छ । उद्योगी व्यवसायी राज्यका निकायबाट नै पीडित छन् । सरकार उनीहरुको अभिभावक बन्न नसक्दा निराशा चुलिएको छ । अब सरकार अभिभावक बन्न सक्नुपर्छ । नियामक निकायले उद्योगी व्यवसायीलाई कस्ने होइन्, सहजीकरण गर्न र लगानी गर्न प्रेरित गर्ने वातावरण बनाउनुपर्छ । सहकारीमा सर्वसाधारणको लाखौं पैसा फसेको छ । यो फसेको पैसा उनीहरुको हातमा पुग्ने वातावरण बनाउने काम पनि प्राथमिकताको सूचीमै पर्नुपर्छ ।

ओली समकालीन शीर्ष नेतामा इच्छाशक्ति भएका नेता हुन्, उनको काम गर्ने हुटहुटी तीब्र छ । त्यो इच्छाशक्तिलाई व्यवहारमा उर्तान कामकाजी टिम चयनमा ध्यान दिनुपर्छ । दुई दल मिल्ने बित्तिकै केही आशाको सञ्चार भइसकेको छ, कामकाजी टिम बनाएर नागरिकका समस्या समाधानका लागि पहलकदमी लिन सक्नुपर्छ । बिग्रिएको अर्थतन्त्रलाई लयमा ल्याउन सक्दा नै सरकारको सफलता मानिनेछ । समाजमा बढ्दो अराजकताले सुरक्षा जोखिम बढेकोले समाजलाई थप अराजक बन्न नदिन सरकारका काम कारबाहीले पनि प्रभाव पार्छन् । दुई छिमेकी भारत र चीनसहित शक्ति राष्ट्रसँगको सन्तुलित सम्बन्धले नै नेपालको भविष्य सुन्दर छ, ओली यो विषयका बारेमा जानकार छन् ।

कांग्रेस-एमाले सहकार्यले जुन आशा जगाएको छ, यो सहकार्यबाट बनेको सरकार असफल हुने छुट छैन । यो सरकार असफल हुँदा थप अस्थिरता र अराजकता बढ्ने जोखिम छ । यो व्यवस्थामाथि नै चुनौती थपिने छ ।

# आरक्षणका पक्ष विपक्ष



सिवेसकुमार सिंह

*आरक्षण किन चाहियो भन्ने कुरा पनि उठ्ने गरेको छ । आरक्षण व्यवस्था लागू हुनुभन्दा पहिले सार्वजनिक सेवामा आरक्षण समूहमा पर्नेहरूको उपस्थिति एकदमै न्यून थियो । उनीहरूले पढेनन् अथवा योग्यता पुगेन भन्ने कुरा आउन सक्छ तर देशको जनसंख्यामा उल्लेखनीय हिस्सा रहेको समूहबाट सार्वजनिक सेवामा जानै नचाहने अथवा योग्यता पुगेन भन्न कसरी मिल्छ ? उनीहरूसँग विगतमा विभेद भएन भनी कसरी नकार्न सकिन्छ ? फेरि, सार्वजनिक सेवा भनेकै जनताको सेवा गर्ने हो, जहाँ विभिन्न जातजाति, समुदाय र संस्कृति भएकासँग समन्वय गरेर जानु पर्छ । एउटा सरकारी कार्यालय छ, जसले जनजाति समुदाय बाहुल्य रहेको क्षेत्रमा काम गर्नुछ भने विभिन्न दृष्टिकोणबाट त्यहाँ उल्लेखनीय संख्यामा जनजाति कर्मचारी भएमा कार्यालयको काम प्रभावकारी हुन सक्छ ।*

नेपालको अन्तरिम संविधान २०६३ जारी भएपछि निजामती ऐन, २०४९ को दोस्रो संशोधन २०६४ अनुसार निजामती सेवामा आरक्षणको व्यवस्था गरियो । आरक्षणको प्रावधान निजामती सेवालगायत सेना, प्रहरी, शिक्षक तथा अन्य सार्वजनिक सेवामा कुनै न कुनै हिसाबले लागू छ । त्यसै गरी नेपालको संविधान २०७२ जारी भएपछि देशमा सङ्घीयता आयो, जसअनुसार स्थानीय र प्रदेश सरकारहरू गठन भए । निजामती सेवा ऐन २०४९ को दोस्रो संशोधनले निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याइ सो प्रतिशतलाई शतप्रतिशत मानी विभिन्न छ समूहमा (महिला ३३ प्रतिशत, आदिवासी/जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित नौ प्रतिशत, अपाङ्गता भएका ५ प्रतिशत र पिछडिएको क्षेत्र चार प्रतिशत) आरक्षणको व्यवस्था गरेको छ ।

राष्ट्रिय समावेशी आयोगले "विद्यमान सरकारी सेवामा आरक्षण प्रभाव अध्ययन प्रतिवेदन २०७९" तयार पारेको थियो । आयोगले आरक्षण लागू भएदेखि २०७८ असार मसान्तसम्म निजामती र स्वास्थ्य सेवामा आरक्षणको प्रभावबारे अध्ययन गरेको थियो, जसअनुसार २०७८ असार मसान्तसम्म खुलातर्फ २५,०२३ जना र आरक्षणतर्फ १४,९५६ जना गरी जम्मा ३९,९७९ जना न्युक्तिका लागि सिफारिस भए । आरक्षणतर्फ सिफारिसमध्ये महिला ५,१६०, आदिवासी/जनजाति ४,०५७, मधेशी ३,१९९, दलित १,३०८, अपाङ्गता भएका ६९८ र पिछडिएको क्षेत्र ५३४ जना थिए । आयोगले आफ्नो अध्ययनबाट आरक्षणको सकारात्मक तथा नकारात्मक प्रभावको मूल्याङ्कन गरी सरकारलाई विभिन्न सुझाव दिएको थियो

समावेशीमा सार्वजनिक सेवाको पदपूर्ति कम्तीमा ४५ प्रतिशत विभिन्न छ समूहबाट होस् भन्ने नै हो । समावेशी आयोगको प्रतिवेदनले अबको २०९३ सालसम्मा ४५ प्रतिशत जनशक्ति आरक्षणबाट पदपूर्ति भएको हुने छ भनी प्रक्षेपण गरेको छ । त्यसपछि आरक्षण हटाउनु पर्छ भनी सुझाव दिएको छ । आरक्षणको पक्षधरले आरक्षण व्यवस्थाले विगतमा भएको आरक्षित समूहसँगको विभेद बिस्तारै हट्दै गएको र उनीहरूलाई आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउन सहयोग गरिरहेकाले हटाउन नहुने भनिरहेका छन् । विपक्षमा हुनेहरूले आरक्षण व्यवस्थाले योग्यता प्रणालीलाई कमजोर बनाएको, आरक्षण समूहमा नपर्नेहरूमा व्यापक असन्तुष्टि पैदा गरेको र भविष्यमा यसले द्वन्द्वको स्थिति पैदा गर्ने भएकाले जतिसक्दो चाँडो हटाउनुपर्ने भनिरहेका छन् ।

यथार्थमा आरक्षण व्यवस्थाले आरक्षित समूहसँग पनि सकारात्मक विभेद गरेको देखिन्छ । जस्तै- एउटा मधेशी आरक्षण समूहमा पर्ने व्यक्तिले मानौं एक सय सिटको विज्ञापनमा उसले जम्माजम्मी खुलाको ५५ सिट र आरक्षणको ४५ सिटको २२ प्रतिशतले १० सिट गरी जम्मा ६५ सिटमा प्रतिस्पर्धा गर्न पाउँछ । बाँकी ३५ सिटमा त उसले पनि प्रतिस्पर्धा गर्न नै पाउँदैन । यसरी सकारात्मक विभेद त आरक्षित समूहसँग पनि भएको देखिन्छ; खाली उसले ४५ प्रतिशतको आरक्षित प्रतिशत सिटमा अरूसँग प्रतिस्पर्धा गर्नु पर्दैन ।

खुला र विभिन्न आरक्षित समूहबाट सिफारिस हुनेहरूले लोक सेवा आयोगले लिएको परीक्षामा प्राप्त गर्ने अङ्कको फरक उल्लेखनीय रहेकाले यसले योग्यता प्रणालीलाई कमजोर बनाएको कुरा बारम्बार उठ्ने गरेको छ । यसको सामधानका लागि कुनै नतिजामा खुलातर्फ सिफारिस हुनेले प्राप्त गरेको अङ्कलाई विश्लेषण गरी आरक्षित समूहमा सिफारिस हुनलाई कम्तीमा कति अङ्क ल्याउनुपर्ने हो, त्यसको निश्चित आधार तयार गर्दा पनि हुन्छ । लोक सेवाको परीक्षामा पहिलो हुने उम्मेदवार दोस्रो हुने उम्मेदवारभन्दा सबै दृष्टिकोणले योग्य नै हुन्छ भन्ने हुँदैन । त्यस कारण, आरक्षित समूहमा सिफारिस हुन कम्तीमा कति अङ्क ल्याउनुपर्ने (जस्तैः खुलामा अन्तिम स्थानमा सिफारिस हुनेभन्दा कम्तीमा ८० प्रतिशत) प्रावधान राखिएमा आरक्षणले योग्यता प्रणालीमा असर पार्दैन ।

प्रतिवेदनमा महिला साथै अन्य समूहका पनि खुलामा सिफारिस भएको विवरण उल्लेख गरेको छ । यसरी आरक्षण र खुला दुवैतर्फ सिफारिस हुँदा खुलामा खास गरी खस/आर्यको प्रतिस्पर्धाको दायरा खुम्चिँदै गएको देखिन्छ । यसको लागि कि त खुलामा निश्चित प्रतिशत खस/आर्यका लागि वा उनीहरूलाई पनि आरक्षित समूहमा केही प्रतिशत छुट्याउँदा उपयुक्त हुन्छ ।

आरक्षण किन चाहियो भन्ने कुरा पनि उठ्ने गरेको छ । आरक्षण व्यवस्था लागू हुनुभन्दा पहिले सार्वजनिक सेवामा आरक्षण समूहमा पर्नेहरूको उपस्थिति एकदमै न्यून थियो । उनीहरूले पढेनन् अथवा योग्यता पुगेन भन्ने कुरा आउन सक्छ तर देशको जनसंख्यामा उल्लेखनीय हिस्सा रहेको समूहबाट सार्वजनिक सेवामा जानै नचाहने अथवा योग्यता पुगेन भन्न कसरी मिल्छ ? उनीहरूसँग विगतमा विभेद भएन भनी कसरी नकार्न सकिन्छ ? फेरि, सार्वजनिक सेवा भनेकै जनताको सेवा गर्ने हो, जहाँ विभिन्न जातजाति, समुदाय र संस्कृति भएकासँग समन्वय गरेर जानु पर्छ । एउटा सरकारी कार्यालय छ, जसले जनजाति समुदाय बाहुल्य रहेको क्षेत्रमा काम गर्नुछ भने विभिन्न दृष्टिकोणबाट त्यहाँ उल्लेखनीय संख्यामा जनजाति कर्मचारी भएमा कार्यालयको काम प्रभावकारी हुन सक्छ ।

अहिलेको स्थितिमा जिल्ला प्रशासन कार्यालयले आरक्षित समूहमा पर्ने भए सो समूह खुलाएर सिफारिस गर्ने प्रावधान छ । उक्त समूहमा पर्ने/नपर्ने उसको थरबाट प्रायः पहिचान गरिन्छ । थर ढाँटेर, फेरेर र झुक्याएर कतिपयले आरक्षणको फाइदा लिने गरेको प्रतिवेदनमा उल्लेख छ । विशेष गरी कतिपय महिलाले विवाह अघि र पछिको थर आरक्षणको सुविधा प्राप्त गर्ने किसिमले राख्ने गरेको पाइन्छ । थर ढाँटेको/छलेको प्रमाणित भएमा निःसर्त सार्वजनिक सेवाबाट बर्खास्त र कानुनी कारबाहीको भागीदार हुने भन्ने स्वःघोषणा गर्न लगाउन उपयुक्त हुन्छ । थर समूहको पहिचान वैज्ञानिक रूपमा गर्नु पर्छ । त्यस्तै अपाङ्गता भएका समूह र पिछडिएको समूहमा नपाउनु पर्नेले सुविधा पाएको तथ्य प्रतिवेदनले उल्लेख गरेको छ र सोको सामाधान पनि त्यहाँ दिइएको सुझाव अनुसार नै गर्नु पर्छ ।

विभिन्न छ समूहमा पर्न आर्थिक तथा सामाजिक रूपमा विपन्न हुनुपर्ने भन्ने ऐनमा उल्लेख छ, तर त्यो विपन्न कसलाई मान्ने भन्ने स्पष्ट छैन । खासमा आरक्षण समुदायका लागि हो । धनी गरिबका लागि होइन । आरक्षित समूहमा सम्भ्रान्त वर्गले मात्र आरक्षणको सुविधा पटक-पटक लिइरहेको भनिन्छ । प्रतिवेदनमा मधेशीमा यादव, साह, चौधरी र महतो ५०.६४ प्रतिशत, आदिवासी/जनजातिमा चौधरी, श्रेष्ठ र राई ३८.९२ प्रतिशत, दलितमा बिक, नेपाली र विश्वकर्मा ३७.४७ प्रतिशत र पिछडिएको क्षेत्रमा जोशी, बुढा, शाह, उपाध्याय र थापा २७.३४ प्रतिशत रहेको उल्लेख छ । यसले आरक्षणमा केही थरहरूको मात्र वर्चस्व रहेको देखिन्छ । यद्यपि सामाजिक तथा आर्थिक रूपमा विपन्नलाई आरक्षणमा ल्याउँदा योग्यता प्रणालीलाई कमजोर बनाउन चाहिँ मिल्दैन । पहिलो, आर्थिक तथा सामाजिक रूपले विपन्नको किटान हुनु पर्छ । दोस्रो, उनीहरूलाई सम्भ्रान्त भनिएका वर्गसँग प्रतिष्पर्धा गर्न सक्ने किसिमका सबलीकरणका कार्यक्रम ल्याउनु पर्छ । प्रतिवेदनमा सुझाए जस्तै विपन्न वर्ग लक्षित लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्नु पर्छ । सेवा आयोगको दरखास्त दस्तुर निःशुल्क गर्ने, शिक्षामा विशेष व्यवस्था गर्ने र राष्ट्रसेवामा आउन उत्प्रेरित गर्नेलगायतका सबलीकरणका कार्यक्रम हुन सक्छन् । केही थरहरूको मात्र आरक्षणमा सिफारिस हुने तथ्यलाई विश्लेषण गरी उचित सकारात्मक विभेदको नीति अपनाउनु पर्छ । मधेश प्रदेशले बनाएको निजामती ऐनमा सम्पूर्ण सिटको ४९ प्रतिशत पद आरक्षणका लागि छुट्याइ मधेशी ५४ प्रतिशत, दलित १७ प्रतिशत, आदिवासी/जनजाति छ प्रतिशत, थारू पाँच प्रतिशत र प्रत्येक समूहबाट महिलालाई ५० प्रतिशत आरक्षण दिने व्यवस्था छ । त्यस्तै सुदूरपश्चिम प्रदेशको निजामती ऐनमा ४५ प्रतिशत पद आरक्षणका लागि छुट्याइ महिला ३३ प्रतिशत, दलित १४ प्रतिशत, राना थारू १३ प्रतिशत, आर्थिक रूपले विपन्न खस आर्य ११ प्रतिशत, आदिवासी/जनजाति १० प्रतिशत र त्यस्तै र प्रत्येक समूहबाट ५० प्रतिशत महिलालाई आरक्षण दिने व्यवस्था छ । कर्णाली प्रदेशले बनाएको निजामती ऐनमा ४५ प्रतिशत आरक्षणका लागि छुट्याइ खस आर्य ४५ प्रतिशत, दलित २२ प्रतिशत, आदिवासी/जनजाति १२ प्रतिशत, पिछडिएको क्षेत्र १२ प्रतिशत र प्रत्येक समूहबाट महिलालाई ३३ प्रतिशत छुट्याउने व्यवस्था छ ।

माथिका तथ्याङ्कलाई विश्लेषण गर्दा प्रदेशहरूले त्यहाँको जनसंख्याको प्रतिशतको आधारमा आरक्षण समूहमा प्रतिशत छुट्याएको देखिन्छ । यसले एउटा प्रदेशको उम्मेदवार अर्को प्रदेशको आरक्षण समूहमा नपर्ने सम्भावना रहन्छ । त्यस कारण सङ्घ र प्रदेशको निजामती सेवामा आरक्षणको प्रावधान एउटै हुनु जरुरी छ । ऐनमा प्रत्येक १० वर्षमा आरक्षणको पुनरवलोकन गर्ने भनिएको छ, जुन हालसम्म भएको छैन, त्यो हुनुपर्छ । अहिलेसम्मको विभिन्न सार्वजनिक सेवामा खुला तथा आरक्षण समूहमा सिफारिस हुनेहरूको तथ्याङ्कलाई विविध पक्षबाट विश्लेषण गरी आरक्षण कति प्रतिशत दिने हो ? कुन कुन समूह समावेश गर्ने हो ? प्रत्येक समूहलाई कति-कति प्रतिशत दिने हो ? निर्धारण गर्नु पर्छ । एक पटक आरक्षण समूहबाट सेवा प्रवेश गरेपछि पटक पटक आरक्षणको सुविधा लिन दिनु न्यायसङ्गत हुँदैन । महिलालाई छुट्टै आरक्षण समूह नबनाई प्रत्येक समूहबाट ५० प्रतिशत सिट दिने प्रावधान ल्याउनु आवश्यक छ, जसबाट सबै समुदायका महिलाका लागि अवसर बन्छ । गोपबाट

# नेप्से परिसूचक ५२ अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । नेप्से परिसूचक ५२ दशमलव ९७ अङ्कले बढेर दुई हजार दुई सय ५७ दशमलव ५९ को विन्दुमा कायम भएको छ ।

तीन सय नौ कम्पनीको दुई करोड २० लाख ४७ हजार तीन सय २७ कित्ता शेयर ९६ हजार दुई सय ७४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६२ करोड चार लाख ९८ हजार पाँच सय २० बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै बैङ्किङ तीन दशमलव ७४ र जलविद्युत् समूह तीन दशमलव ३० प्रतिशतले बढेको छ ।

विकास बैङ्क एक दशमलव २०, वित्त एक दशमलव ३३, होटल तथा पर्यटन एक दशमलव ०७, लगानी एक दशमलव ३० र जीवन बीमा समूह दुई दशमलव ०५ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६६, लघुवित्त शून्य दशमलव ८२, म्युचुअल फन्ड एक दशमलव ७४, निर्जीवन बीमा एक दशमलव २६, व्यापार दुई दशमलव २१ र अन्य समूह एक दशमलव ९९ प्रतिशतले बढेको छ ।

रिदी पावर कम्पनी लिमिटेड र माण्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव १२ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै जानकी फाइनान्स लिमिटेडको रु २४ करोड २७ लाख ५८ हजार पाँच सय ७२ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै ग्लोबल आइएमई लिमिटेड प्रमोटर शेयर २० लाख ७५ हजार एक सय दुई कित्ता शेयर किनबेच भएको छ ।

# 'दैनिक अन्डा खुवाउँदा कलिला बालबालिकाको उचाइमा फाइदा'

एउटा अध्ययनले दैनिक एउटा अन्डा खाँदा कुपोषणग्रस्त नवजात शिशुलाई स्वस्थ उचाइ हासिल गर्न सहयोग गर्ने देखाएको छ । इक्वेडरमा ६ महिनासम्म गरिएको अध्ययनपछि यस्तो नतिजा सार्वजनिक गरिएको हो ।

उसिनिनेको, फ्राइ गरिएको वा अम्लेट बनाएर खाइने अन्डाले कलिला बालबालिकालाई शक्ति दिने उक्त अध्ययनको निचोड छ । 'पेडिएट्रिक्स' नामक जर्नलमा प्रकाशित एउटा लेखमा अन्डा खानु होचोपन नियन्त्रणको सबैभन्दा सस्तो विधि हुनसक्ने उल्लेख गरिएको छ ।

शिशुहरुको पहिलो दुई वर्ष उनीहरुको शारीरिक विकासका लागि संवेदनशील अवधि मानिन्छ र त्यसबेला होचोपनको समस्या देखिए त्यो दीर्घकालीन हुनसक्ने बताइन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर पाँच वर्षमुनिका १५ करोड ५० लाख बालिबालिकामा होचोपनको समस्या छ । त्यसमध्ये अधिकांश कमजोर आय तथा मध्यम आय भएका देशमा बसोबास गर्छन् । स्वास्थ्य विज्ञहरुले यो समस्या कसरी समाधान गर्ने भन्नेबारे अध्ययनहरु गरिरहेका छन् ।

लोरा इयान्नोटी र उनका सहकर्मीहरुले इक्वेडरको ग्रामीण पहाडी क्षेत्रमा ६ देखि ९ महिनाका शिशुलाई निःशुल्क अन्डा बाँडेर खान दिएपछि उनीहरुमा केही सुधार देखिन्छ कि भनेर स्थलगत अनुसन्धान गरेका थिए ।

**खानामा अन्डा**

अनुसन्धानका लागि छनोट गरिएका एक सय ६० जना शिशुमध्ये केहीलाई ६ महिनासम्म दैनिक एउटा अन्डा खान दिइएको थियो र उनीहरुको तुलना अन्डा नदिइएका अरु शिशुहरुसँग गरिएको थियो ।



अनुसन्धानकर्ताहरुले अन्डा खाने बालबालिकाका परिवारलाई प्रत्येक हप्ता भेटेर आफ्नो योजनाको पालना भइरहेको र अन्डाले स्वास्थ्यमा कुनै नकारात्मक असर गरे, नगरेको जानकारी लिएका थिए । अध्ययन सकिँदासम्म अन्डा खाने शिशुहरुमा नखानेको तुलनामा ४७ प्रतिशतले होचोपनको समस्या कम देखिएको अनुसन्धानकर्ताहरुको दाबी छ ।

अनुसन्धान शुरु गर्दाको बेला अन्डा खान छनौट गरिएका धेरै शिशुमा उनीहरुको उमेर अनुसारको उपयुक्त उचाइ थिएन ।

प्रमुख अनुसन्धानकर्ता लोरा इयान्नोटी भन्छिन्-'अन्डा खान दिँदा त्यसले शिशुहरुमा पारेको प्रभावले हामीलाई आश्चर्यचकित बनाएको छ । भोकमरी र कुपोषणबाट पीडित जनताका लागि यो उपाय निकै उपयोगी र सजिलो हुनसक्छ ।' उनले सानो पेट भएका कम उमेरका बालबालिकाका लागि अन्डा एकदमै उपयुक्त आहारा भएको बताइन् । भन्छिन्-'अन्डामा विभिन्न पोषण तत्वहरुको मिश्रण हुन्छ, त्यही भएर यो निकै महत्वपूर्ण छ ।'

रोयल कलेज अफ पेडिएट्रिक्स एन्ड चाइल्ड हेल्थकी पोषणसम्बन्धी प्रमुख प्रा. मेरी फ्युट्रेल भन्छिन्-'यस विषयमा धेरै अध्ययन नहुनु आश्चर्यको विषय हो । तर, केही संस्कृतिहरुमा कम उमेरका बालबालिकालाई अन्डा खुवाउनु गलत मानिन्छ र त्यसले बालबालिकामा एलर्जीजस्ता समस्या निम्त्याउन सक्ने ठानिन्छ ।' उनले शिशुहरु चार महिनाको भइसकेपछि मात्रै अन्डासहितका अन्य पोषणयुक्त खानेकुरा खुवाइनुपर्ने सल्लाह दिएकी छन् । सम्भावित जोखिम रोक्न कलिला शिशुलाई खुवाइने अन्डा राम्ररी पकाइएको हुनुपर्ने उनको तर्क छ ।

**पोषण**

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले आफ्ना छोराछोरीको बढीभन्दा बढी शारीरिक विकास तथा राम्रो स्वास्थ्य सुनिश्चित गर्न जन्मेको ६ महिना आमाको दूध खुवाउनुपर्ने सुझाव दिने गरेको छ ।

पहिलो ६ महिनापछि नवजात शिशुलाई अन्य पोषणयुक्त खानेकुरा खुवाउन सकिने र दुई वर्षसम्म वा त्यसपछि पनि स्तनपान गराइरहन सकिने डब्लुएचओको सुझाव छ ।

बेलायतको पोषण हेर्ने एउटा निकायले अन्डा पोषणयुक्त खानेकुरा भए पनि बालबालिकाले विभिन्न प्रकृतिका पोषणयुक्त आहारा खान पाउनुपर्ने उल्लेख गरेको छ । उसका अनुसार विभिन्न पोषणयुक्त आहाराबाट उनीहरुले आवश्यक भिटामिन तथा खनिजहरु प्राप्त गर्ने मात्र नभई भिन्न-भिन्न स्वाद पनि थाहा पाउनेछन् ।

केटाकेटीहरुले अत्यधिक प्रोटिन पाइने खानेकुराहरु (जस्तैः अन्डा, बोडी, दाल, माछा, मासु तथा अन्य दुग्ध पदार्थहरु) खुवाउनपर्ने उसको सुझाव छ । स्वास्थ्य खबरबाट

# नेपालगञ्ज उप–महानगरपालिकाको बजेट पारित

बाँके। नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट पारित भएको छ। नगरसभाको १५औं अधिवेशनको दोस्रो बैठकले यही असार १० गते पहिलो बैठकमा प्रस्तुत वार्षिक राजस्व र व्ययको अनुमान (बजेट) सर्वसम्मत पारित गरेको हो। सभाध्यक्ष एवं नगर प्रमुख प्रशान्त विष्टले बजेट स्वीकृतिका लागि सभामा पेस गरेका थिए।




उप-महानगरपालिकाले आगामी वर्षका लागि रु एक अर्ब ५० करोड ३८ लाख ८६ हजार बराबरको बजेट ल्याएको छ। आन्तरिक आयतर्फ रु २० करोड ११ लाख सङ्कलन गर्ने लक्ष्य उप-महानगरपालिकाको छ।

त्यसैगरी, दोस्रो बैठकले आर्थिक विधेयक २०८१, विनियोजन विधेयक २०८१ र आन्तरिक आय व्यवस्थापन तथा नियमन विधेयक २०८१ पनि पारित गरेको छ। नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट पेस भएबमोजिमको आर्थिक वर्ष २०८१/८२ को बजेट, योजना तथा कार्यक्रम पनि स्वीकृत भएका छन्।

यस्तै, नगर प्रमुख विष्टले स्वीकृतिका लागि सभामा पेस गरेको उप-महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ खारेज तथा सङ्घीय ऐन कार्यान्वयन पनि पारित भएको छ।

नगर अधिवेशनको दोस्रो बैठकबाट बालबालिकासम्बन्धी ऐन २०७७ को संशोधन पनि स्वीकृत भएको प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले बताए। उपमहानगरपालिका र अन्तर्गतका वडा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी तथा दैनिक ज्यालादारी कर्मचारीको म्याद थपसम्बन्धी 'एजेन्डा' पनि सभाले स्वीकृत गरी पारित गरेको छ। यस्तै, पूर्वाधार विकास समितिका संयोजक वसन्तकुमार कनोजियाले तयार पारेको प्रतिवेदन पनि सभाले स्वीकृत गर्दै पारित गरेको छ।

कनोजियाले संस्थागत सुधारका लागि आफ्ना सुझाव समेटेर प्रतिवेदन वाचन गरेका थिए। उनले दण्ड तथा पुरस्कारको नीति अवलम्बन गर्नुपर्नेमा जोड दिएका छन्। कनोजियाले कर्मचारीको कार्यसम्पादन सम्झौता कार्यान्वयनको आवश्यकता पनि औंल्याएका छन्।

# सरसफाइ अभियानलाई तीब्रता

देवदह। रुपन्देहीको देवदह नगरपालिका-५, वडा कार्यालयले सरसफाइ अभियानलाई तीब्रता दिएको छ। वडालाई वातावरणमैत्री घोषणा गर्ने अभियानअन्तर्गत सरसफाइ कार्यक्रम गरिएको हो।



देवदह नगरपालिका-५, लाई बालमैत्री वडा घोषणा अन्तिम चरणको पुगेको अवसरमा टोल विकास संस्थाहरुको सहकार्यमा वडा कार्यालय देखि नगरपालिकासम्म सरसफाइ गरिएको हो।

वडा कार्यालयबाट सुरु भएको सरसफाइ अभियान सिद्धार्थ कोलोनी, खैरेनी चोक, गुरुङ्गटोला हुँदै नगरपालिका परिषरसम्म सरसफाइ गरिएको वडाध्यक्ष गणेश डुम्रेले जानकारी दिए।

सरसफाइ अभियानले गाउँ/टोल सरसफाइ हुनुको साथै स्वास्थ्य समेत रहने भएकोले वडा कार्यालयले सरसफाइ अभियानलाई तीब्रता दिएको वडाध्यक्ष डुम्रेले जानकारी दिए।

यस आर्थिक वर्षमा वडालाई बालमैत्री वडा घोषणा गर्ने कार्यक्रम अन्तिम चरणमा पुगेको र आगामी आर्थिक वर्षमा वातावरणमैत्री वडा घोषणा गर्ने गरी वडा कार्यालय अगाडि बढेको डुम्रेले बताए।

वडालाई अगाडि सारेको हरेक कार्यक्रम टोल विकास संस्थाहरुको सहकार्यमा सम्पन्न गरेको बताउँदै टोल विकास संस्थाहरुको सक्रियतामा वडालाई वातावरणमैत्री वडा घोषणाको अभियानलाई तीब्रता दिएको डुम्रेले जनाए।

आफ्नो गाउँ आफैं सफा गरौं भन्ने नाराका साथ वडा कार्यालयले सरसफाइ अभियान सञ्चालन गरेको बताउँदै देवदह-५, मा रहेका टोल विकास संस्थाले साप्ताहिक रुपमा सरसफाइ कार्यक्रम गर्दै आइरहेको उनले बताए।

टोल विकास संस्थाहरुको अगुवाइमा गाउँ/टोलमा सरसफाइ सञ्चालन गरेको बताउँदै यसले वडालाई वातावरणमैत्री वडा घोषणा गर्न सकिनेमा जोड दिए। सरसफाइ अभियानमा वडामा रहेको २१ वटा टोल विकास संस्थाका प्रतिनिधि, जनप्रतिनिधि तथा स्थानीयवासीहरुको सहभागिता रहेको थियो।

# सरावलमा १२ सय बिघा धानखेती डुबानमा



पाल्हीनन्दन (नवलपरासी)। लगातारको वर्षाका कारण पश्चिम नवलपरासीको सरावल गाउँपालिका-६ र ७ मा एक हजार दुई सय बिघा धानखेती डुबानमा परेको छ। लगातार चार दिनसम्म परेको पानीले धानखेती डुबानमा परेको हो।

चार दिनसम्म अविरल वर्षा हुँदा खेतमा पानी नघट्नुका साथै रोपाइँ गरेको धान पनि नष्ट भएको गाउँपालिकाका कृषि प्राविधिक कूलदीपनारायण मिश्राले बताए। उनका अनुसार गत वर्ष पनि वर्षाले शङ्करपुर, मधवलिया, भुजहवा बुडनतवापुरका किसानको खेतीमा क्षति भएको थियो।

झरही खोला र धनेवा खोला दीर्घकालीन रुपमा समाधान नहुँदा यहाँका मुख्य खाद्यभण्डार भनिने शङ्करपुर, खडवना, मधवलिया, भुजहवा हिउँदमा सुक्खा र वर्षयाममा प्रत्येक वर्ष डुबानको चपेटामा पर्ने गरेको सरावल-७ निवासी धर्मनाथ कुश्वाहाले बताए।

झरही र धनेवा खोलामा बाढी आएकाले खोला वरपरका किसानको धानखेती डुबानमा परेको स्थानीय उपेन्द्र हरिजनले जनाए। खोलामा तटबन्ध बनाउनेतर्फ ध्यान नपुग्दा मधवलिया, शङ्कपुर, भुजहवाका हजारौं कृषकले बर्सेनि ठूलो क्षतिको सामना गर्नु परिरहेको उनको भनाइ छ। "मलखाद र जोताइ गर्नका लागि ऋण कर्जा लिएर धान रोपेको अहिले वर्षायाममा डुबान लागेपछि ऋण कहाँबाट तिर्ने चिन्ता लागेको छ।"-उनले भने।

झरही खोला र धनेवा खोलाको पानीले बर्सेनि यो क्षेत्र डुबान हुने गरेको भन्दै आगामी आर्थिक वर्षमा डुबान नियन्त्रण गर्न तटबन्धका लागि बजेट विनियोजन गरेको सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीलेजानकारी दिए। खोला क्षेत्रमा तटबन्ध निर्माण गरेपछि बाढी र डुबानबाट हुने क्षति कम हुने उनको भनाइ छ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०३/३० को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४७,२००
तेजावी सुन प्रति तोला : १,४६,५००
चांदी प्रति तोला :१,९०५

# मानव बेचबिखनविरुद्ध चेतना जागृति गर्दै बाँकेका महिला

राँझा (बाँके)। जिल्लाको जानकी गाउँपालिकाका महिला मानवबेचबिखन र लैङ्गिक हिंसाविरुद्ध गाउँबस्तीमा चेतना जागृतिमा क्रियाशील भएका छन्। जानकी-१ साइगाउँ, वडा नं ४ खजुराखुर्द र वडा नं ६ गनापुरका महिलाले सङ्गठित भएर मानव बेचबिखन र लैङ्गिक हिंसाविरुद्ध विविध गतिविधि सञ्चालन गर्दै आएका छन्।



जानकी-४ नहरचोक निवासी देवीसरा ठकुरी भुजुवाले घरेलु हिंसाकै कारण महिला हिंसामा पर्दै आएकाले घरपरिवारमै चेतना जागृत गर्नुपर्ने बताइन। "गरिबी र अर्थाभावको फाइदा उठाएर महिलालाई ललाइफकाइ गर्नेविरुद्ध सचेत हुन जरुरी छ", देवीसराले भनिन्-"आर्थिक रूपमा कमजोर महिला, अभिभावकविहीन बालबालिकालाई दलालले आँखा लगाउन सक्छन्।"

स्थानीय ज्ञानु स्वर्णकारले टोलबस्तीमा गठन भएका स्वावलम्बन समूहमा महिला दिदीबहिनीबीच मानव बेचबिखन र लैङ्गिक हिंसाका बारेमा छलफल र चेतना जगाउने गतिविधि हुँदै आएकाले अहिले सबै जागरुक हुँदै गएको बताइन।

आइएनएफ बाँकेले सञ्चालन गरेको 'मानव बेचबिखन र लैङ्गिक हिंसा अन्त्यका लागि समुदायमा हाम्रो प्रयास' परियोजनामार्फत् गठित स्वावलम्बन समूहमा महिला दिदीबहिनीले गाउँटोलका सामाजिक समस्या र मानवबेचबिखन, महिला हिंसालगायत विषयमा छलफल गर्दै आएका छन्। जानकी गाउँपालिका-६ कपासीकी गीता तिवारीले मानवबेचबिखन र लैङ्गिक हिंसाका बारेमा महिला दिदीबहिनी सचेत हुँदै गए पनि घटना कम गर्न नसकेको जनाइन। मानव बेचबिखन तथा घरेलु हिंसाको प्रारम्भ आर्थिक कमजोरीका कारण हुने भएकाले आर्थिक रूपमा महिलालाई लाभ हुनेगरी स्थानीय सरकार र सामाजिक सङ्घसंस्थाले कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको माग छ।

"पढेलेखेका, जानेबुझेका महिला दिदीबहिनी नै लैङ्गिक हिंसाको सिकार भइरहनुभएको छ", उनले भनिन्-"लैङ्गिक हिंसालाई घरपरिवारको आन्तरिक मामिला ठान्ने परिपाटीले बाहिर आउन सकेको छैन।" जानकीको साईगाउँ, खजुराखुर्द्ध र गनापुरमा गठन भएका ३० स्वावलम्बन समूहमा आबद्ध करिब तीन सय महिलाले अहिले गाउँ समाजमा मानव बेचबिखन र लैङ्गिक हिंसाविरुद्ध आफू सचेत हुँदै समाजलाई सचेत बनाउन लागिपरेका छन्। जानकी गाउँपालिका-६ गनापुर निवासी सञ्जु गडरियाले समूहमा आबद्ध भएपछि अहिले मानव बेचविखन हुने कारण, लैङ्गिक तथा घरेलु हिंसाका बारेमा जान्ने बुझ्ने अवसर पाएको बताइन।

जानकी गाउँपालिका-४ का वडाध्यक्ष रमेशकुमार बर्माले समुदायस्तरमा आइएनएफले सञ्चालन गरेको परियोजनाले धेरै सकारात्मक काम गर्दै आएको बताउँदै स्थानीयवासीले सिकेका कुरालाई व्यवहारमा उतार्ने प्रयास गर्दै आएको औंल्याइन। उनले भनिन्-"मधेसी समुदाय अझै पनि शिक्षा र चेतनाका हिसाबले पछाडि रहेकाले लैङ्गिक हिंसालगायत सामाजिक विकासमा पनि पछाडि परको छ।" रासस

दुई...

पञ्चायती व्यवस्थाविरुद्धको संघर्षका क्रममा ओलीले २०२८ देखि २०४४ सम्म १४ वर्ष जेल जीवन बिताएका थिए। २०४४ मा जेलमुक्त भएपछि नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादीको केन्द्रीय समिति सदस्य र लुम्बिनी अञ्चलको इन्चार्ज बनेका ओली २०४६ पछिको आमनिर्वाचन २०४८ मा झापा-६ बाट प्रतिनिधि सभामा पहिलो पटक निर्वाचित भएका थिए। २०४८ सालमा नेकपा एमालेको विदेश सम्बन्ध विभागको प्रमुख नियुक्त भएका ओली २०५१ मा पुनः सांसदमा निर्वाचित भए। मनमोहन अधिकारीको अल्पमतको नौ महिने सरकारमा गृहमन्त्री बनेका उनी २०५६ मा झापा निर्वाचन क्षेत्र २ र ६ बाट पुनः निर्वाचित भए।

ओली २०६२ सालमा गिरिजाप्रसाद कोइराला सरकारको अन्तरिम सरकारमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नियुक्त भएका उनी झापा-७ बाट २०६४ सालको संविधानसभा निर्वाचनमा पराजित भए। २०६५ मा नेकपाएमालेको आठौं महाधिवेशन हुँदा अध्यक्षमा चुनाव लडेका उनी झलनाथ खनालसँग पराजित भएका थिए।

२०७० सालको संविधानसभा निर्वाचनमा झापा-७ बाट निर्वाचित भएका ओली २०७० माघ २१ मा नेकपाएमाले संसदीय दलको नेता भएका थिए। त्यसबेला ओलीले संसदीय दलको नेताका रूपमा पार्टी अध्यक्ष खनाललाई २३ मतले पराजित गरेका थिए। त्यसपछि ओलीको शक्ति पार्टीभित्र पनि बढ्दै गयो। उनी २०७१ मा भएको पार्टीको नवौं महाधिवेशनमा एमालेको अध्यक्षमा निर्वाचित भए भने दोस्रो पटक २०७८ मा पुनः अध्यक्षमा निर्वाचित भए।

**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८१/३/३१)

देवदह नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाका लागि आ.व. ०८१/०८२ मा देहाय बमोजिको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले उल्लेखित कार्य सम्पादन गर्न इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीबाट रीतपूर्वक सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ। सिलबन्दी प्रस्ताव फारम यस कार्यालयको प्रशासन शाखाबाट मिति २०८१/४/१४ गते कार्यालय समयसम्म रु. १०००/- भुक्तानी गरी खरिद गर्न सकिनेछ। साथै प्रस्तावहरु मिति २०८१/४/१५ गते १२:०० बजे सम्म दाखिला गर्न सकिनेछ र सोही दिन दिनको ०१:०० बजे नगरपालिकाको कार्यालयमा खोलिनेछ।

**तपसिल**

| क्र.स. | कामको विवरण | लागत अनुमान रु. (मू.अ.क. सहित) | प्रस्ताव जमानत रु. |
|---|---|---|---|
| १ | सुरक्षा गार्ड सम्बन्धि सेवा प्रदान गर्ने कार्य | रु. ७,५८,८५१/५० | रु. ३८,०००/- |

नोटः- यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाइट www.devdahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

देवदह नगरपालिका, रुपन्देही

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

## भलवारी हाटबजार बैठकी कर उठाउने ठेक्काको शिलबन्दी दरभाउपत्र आहृवान सम्बन्धी १५ दिने सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०३/३१

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम आ.व.२०८१/०८२ को बाँकी अवधिको लागि भलवारी हाटबजारमा बैठकी कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्म वा व्यक्तिबाट शिलबन्दी दरभाउपत्र आहृवान गरिन्छ।

**शर्तहरु**

१ सिलबन्दी दरभाउपत्रको फाराम एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचर र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा फर्म/कम्पनी दर्ता प्रमाण पत्र, आ.व.०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र र मू.अ.कर दर्ता प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन गर्न सकिनेछ।

२ न्युनतम अंक देहाय बमोजिम हुनेछ। उक्त अंकमा मु.अ.कर समावेश गरिएको छैन। दरभाउपत्र पेश गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

| आय ठेक्का नं. | हाटबजार बैठकी कर असुली कार्य | न्युनतम कबोल अंक रु. |
|---|---|---|
| आय-०७।२०८१।०८२ | भलवारी हाटबजार (बुधवार) | १६, ५१,०००।०० |

३ ठेक्का सम्बन्धि विस्तृत सूचना यस कार्यालयको वेवसाईट www.tilottamamun.gov.np मा हेर्न सकिनेछ।

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**दही बिक्री गर्न हिँडेका किसानः**
दाङको घोराही बजारमा दही बिक्री गर्न आएका देउखुरी राजपुर गाउँपालिका-३ स्थित बेला गाउँका यादव समुदायका किसान। गाउँमा दूध खपत नहुने तथा सङ्कलन केन्द्र नभएकाले बेलाका किसान चालीस किलोमिटर टाढा घोराही बजार दैनिक आवतजावतको रु ४०० गाडीभाडा तिरेर आफूले जमाएको दही बिक्री गर्न आउने गर्छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# अस्वस्थकर माछा मासु बिक्री वितरण



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा माछा मासु पसलमा अनुगमन गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासी पश्चिमले जिल्लामा सञ्चालित माछा मासु पसलहरुमा अनुगमन गरेको हो।

जिल्लाको सिमावर्ती क्षेत्र पाल्हीनन्दन गाउँपालिका र परासीको सदरमुकाम परासी क्षेत्रको माछा मासु पसलहरुमा अनुगमन गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासीका प्रमुख श्रवणकुमार चौधरीले बताए।

अनुगमनको क्रममा पाल्हीनन्दन गाउँपालिकामा माछा मासु पसलहरु अधिकांश रुपमा मापदण्ड विपरीत सञ्चालन रहेको पाइएको प्रमुख चौधरीले जानकारी दिए। उनको अनुसार उक्त मासु पसलहरुमा अस्वस्थकर माछा मासु बिक्री गर्नको लागि राखेको पाइएको थियो।

त्यस्ता पसलहरुमा सरसफाइ र मूल्य सूची नराखेको पाइएको र अनुगनको क्रममा पसलमा सडेको माछा मासु तथा मासुजन्य पदार्थ राखेको पाइएको उनले बताए। सदरमुकाम परासीको रामग्रामका बजारमा अधिकांश माछा मासु पसलहरुमा मूल्यसूची नराखेको र नविकरण नगरेको भेटिएको छ। उक्त माछा मासु पसलहरुलाई मूल्यसूची राख्न, नविकरण गर्न मापदण्ड विपरीत सञ्चालन पसलहरुलाई मापदण्ड पूरागरी सञ्चालन गर्न निर्देशन दिइएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रका प्रमुख चौधरीले जानकारी दिए।

अनुगमनको क्रममा अस्वस्थकर कुखुराको मासु, खसीको मासु ८ केजी नियन्त्रण लिई नष्ट गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रकी मास्य प्राविधिक निर्मला गिरीले बताइन। उनको अनुसार पाल्हीनन्दन गाउँपालिका र परासीको सदरमुकाम परासी क्षेत्र गरी ११ वटा माछा मासु पसलहरमा अनुगमन गरिएको थियो।

अनुगमनमा पशुरोग अन्वेषण प्रयोगशाला नवलपरासीका प्रमुख डा. भरत काफ्ले, पशु क्वारेन्टाइन चेकपोष्ट महेशपुरका प्रमुख डा. मनोज अधिकारी, जिल्ला प्रशासनका नायव सुब्बा संदिप लामिछाने, घरेलु तथा साना उद्योग कार्यालयका मनोज चौधरी, उपभोक्ताहित संरक्षण मञ्चकी जिल्ला अध्यक्ष सरस्वती शर्मा, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रकी पशु चित्किसक डा. विभूति सिंह, रामग्राम नगरपालिका पशु चित्किसक डा. सुमित सिंह जिसी, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

# बङ्गुर, बाख्रा र कुखुरापालनबाट आकर्षक आम्दानी



तुलसीपुर। दाङको तुलसीपुर-४ निवासी जितबहादुर थापा अवकाशप्राप्त सशस्त्र प्रहरी सहायक निरीक्षक हुन्। उनी २०७७ सालमा अवकाशपछि तुलसीपुर-४ बायोखोलामा बङ्गुर, बाख्रा र कुखुरापालन गरिरहेका छन्।

उनले २५ वटा बङ्गुर, ४० वटा जति बाख्रा र एक हजार पाँच सय बढी ब्रोइलर कुखुरापालन गरेका छन्। करिब रु १० लाख लागतमा उनले व्यवसाय सुरु गरेका हुन्।

स्थानीयस्तरमै स्वरोजगार बन्नुपर्ने भन्दै आफूले काम प्रारम्भ गरेको बताए। "धेरै मान्छे स्वदेशमा श्रम नगरेर विदेश जाने गर्छन्, तर यहाँ नै परिश्रम गरे प्रशस्त आम्दानी गर्न सकिन्छ।"-थापाले भने। उनले वार्षिक रु १५-२० लाख आम्दानी गर्दै आएको बताए।

२० वर्ष सशस्त्र प्रहरी बल नेपालमा सेवा गरेका थापा सामाजिक सेवामा पनि उत्तिकै सक्रिय रहेका छन्। मूलपानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसमेत रहेका उनी भन्छन्-"मैले समाजको सेवा गर्ने प्रण गरेको छु, जागिरमा हुँदा शान्ति सुरक्षामा खटिए, अब समाजलाई सकेको सहयोग गर्छु।"

# ह्वील चियर वितरण



देवदह। देवदह नगरपालिकाले पूर्णरुपमा अशक्त भएकाहरुलाई विशेष खालको ह्वील चियर प्रदान गरेको छ।

पूर्णरुपमा अशक्त भएकाहरुलाई सहज होस् भनेर नगरपालिकाले विशेष खालको ह्वील चियर प्रदान गरिएको उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले जानकारी दिइन।

नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेटबाट पूर्णरुपमा अशक्त भएकाहरुलाई विशेष किसिमको ह्वील चियर प्रदान गरिएको उनले जानकारी दिइन।

पूर्णरुपमा असक्त भएकाहरुको घरमै पुगेर नगर प्रवक्ता गणेश डुम्रे, देवदह-२, का वडाध्यक्ष दलबहादुर राकासकोटी, ३ का वडाध्यक्ष यज्ञप्रसाद अर्याल, ६ का वडाध्यक्ष खेमबहादुर थापाको रोहवरमा नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले ह्वील चियर प्रदान गरेकी हुन्।

देवदह नगरपालिका-२, का मित्रप्रसाद अधिकारी, देवदह-३, का दुर्गादेवी पराजुली, देवदह-५, का सृजन रानालाई विशेष खालको ह्वील चियर प्रदान गरिएको नगरपालिकाले जनाएको छ।

एउटा ह्वील चियर करिव ३३ हजारमा खरीद गरी पूर्णरुपमा अशक्तहरुलाई प्रदान गरिएको नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख ईन्दिरा भूषालले जानकारी दिइन।

फोल्डिङ्ग गर्न मिल्ने, अगाडि पछाडि आफैं सार्न मिल्ने र सजिलै वेडमा जान सकिने खालको ह्वील चियर प्रदान गरिएको भूषालले जानकारी दिइन।

## आवश्यकता

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित पत्रिका दैनिक लुम्बिनीका लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | पद | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रबन्धक | केही | कम्तिमा +2 पास, सम्बन्धित क्षेत्रमा दक्ष |

तलब तथा अन्य सुविधाः आपसी सहमतिमा तय गरिनेछ।
दरखास्त दिने अन्तिम मितिः २०८१ साउन ०५ गतेसम्म

सर्म्पक
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर
फोन नं: ०७१-५३०६४०, ९८५७०३८३१२


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com